कर्णाली प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

पत्र सङ्ख्या : २०८१/०८२ (शा.स./योजना) चलानी सङ्ख्या : 696 मितिः २०८१/०६/०४

---

**विषयः मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.व. २०८१/०८२ को लागि छुट भएका आयोजना सिफारिस गरी पठाउने सम्बन्धमा।**

श्री खाँडाचक्र नगरपालिका, कालिकोट,
श्री हिमा गाउपालिका, जुम्ला,
श्री भेरी नगरपालिका, जाजरकोट,
श्री काइके गाउँपालिका, डोल्पा,
श्री ठुलीभेरी नगरपालिका, डोल्पा,
श्री मुड्केचुला गाउँपालिका, डोल्पा,
श्री चंखेली गाउँपालिका, हुम्ला।

प्रस्तुत विषयमा कर्णाली प्रदेश सरकारले यस प्रदेशका सबै (७१८ वटा) वडाहरुबाट मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका आयोजनाहरु कार्यान्वयन गरिरहेको सन्दर्भमा चालु आर्थिक वर्ष २०८१/०८२ मा कार्यान्वयन हुने आयोजनाहरुमध्ये तहाँ स्थानीय तहका केही वडामा यस अघि छनोट हुन बाँकी रहेका (छुट भएका) आयोजनाहरु संलग्न शर्तहरुको अधिनमा रही मुख्यमन्त्री रोजगार कार्यक्रम अनलाइन प्रणाली (cmep.karnali.gov.np) मार्फत मिति २०८१/०६/११ गते भित्र प्रविष्टि गरी पठाउनु हुन यस कार्यालयको मिति २०८१/०५/३० को निर्णय (मा.मुख्यमन्त्रीस्तर) अनुसार अनुरोध छ।

**बोधार्थः**

मा. मुख्यमन्त्रीज्यूको निजी सचिवालय, कर्णाली प्रदेश, सुर्खेत।
श्री सूचना प्रविधि तथा समन्वय शाखाः कार्यालयको र मुख्यमन्त्री रोजगार कार्यक्रमको वेबसाइटमा पत्र अपलोड गरिदिनु हुन।

**प्राविधिक सहयोगको लागिः**

कम्प्यूटर अधिकृत श्री चन्द्र बहादुर मन्दिर, (मो नं. ९८४८२३०३१२)
सूचना प्रविधि सहजकर्ता श्री निलमणी ढकाल (९८५८०३०७०१)

..........................
(विद्याप्रसाद उपाध्याय)
वरिष्ठ शाखा अधिकृत

☎ ०८३-५२०१८७, ५२२१६४, ५२१८३२ फ्याक्स : ०८३-२५२६१८, ५२४७७४

शर्तहरु:

१. प्रत्येक स्थानीय तहहरूलाई वडागत रुपमा अधिकतम बजेट सीमा (मुगु, हुम्ला र डोल्पाका वडाका लागि प्रति वडा २० लाख र अन्य जिल्लाका वडाका लागि प्रति वडा १५ लाख) रहेकाले सोही लागत भित्रका आयोजना सिफारिस गर्ने।

२. प्रत्येक वडाले माथि बुँदा नं. १ बमोजिमको बजेट सीमाभित्र रही (हुम्ला, मुगु र डोल्पाको हकमा अधिकतम २० लाख लागतका र अन्यमा अधिकतम् १५ लाख लागत भएका) वडा बासीहरूको आम भेलाबाट माग भएका आयोजनाहरू मध्येबाट एउटा आयोजना छनोट तथा वडा समितिको निर्णय प्रमाणित गरी सम्बन्धित स्थानीय तहमा पठाउने।

३. सम्बन्धित स्थानीय तहले वडाबाट प्राप्त आयोजनालाई कार्यपालिकाबाट निर्णय गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा अनलाइन प्रणाली (cmep.karnali.gov.np) मार्फत आयोजना विवरण प्रविष्टि गरी वडा र कार्यपालिकाको निर्णय, कार्यक्रम कार्यान्वयन प्रतिवद्धता र कार्यालयको पत्र अनिवार्य रुपमा अपलोड गर्नुपर्नेछ।

४. स्थानीय तहबाट प्राप्त आयोजना मध्येबाट कर्णाली प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (निर्देशक समिति) ले उपयुक्त आयोजना छनोट गरी कार्यान्वयनको लागि सम्बन्धित स्थानीय तहमा पठाउनेछ।

५. आयोजना रोजगारमूलक हुनुपर्नेछ। स्थानीय तहले आयोजनामा काम गर्ने श्रमिकको पारिश्रमिक निजको व्यक्तिगत बैंक खातामा अनिवार्य रुपमा जम्मा हुने प्रवन्ध मिलाउनु पर्नेछ। आयोजना सिफारिस गर्दा देहाय अनुसार विषय/क्षेत्र मध्येबाट न्यूनतम पारिश्रमिक सुनिश्चित हुने गरी गर्नुपर्नेछ।

देहायः-

| क्र.सं. | आयोजनाको क्षेत्र/उपक्षेत्र | बजेट खर्च प्रतिशत | |
|---|---|---|---|
| | | पारिश्रमिक (न्युनतम) | सामाग्री खरिद (अधिकतम) |
| १ | उत्पादन मूलक उद्योग स्थापना र सञ्चालन | ५० | ५० |
| २ | कृषि (सामुहिक तथा सहकारी खेती) उत्पादन/संकलन/प्रशोधन | ६० | ४० |
| ३ | सतह तथा भूमिगत सिंचाई | ६० | ४० |
| ४ | खानेपानी | ६० | ४० |
| ५ | तालतलैया, जलाशय, पानी सङ्कलन पोखरी | ७० | ३० |
| ६ | सडक स्तरोन्नती तथा सडकमा पक्की नाला/ढल/पेटी | ५० | ५० |
| ७ | खेलमैदान | ७० | ३० |
| ८ | विद्यालयका ढुङ्गा वा इट्टाका पर्खाल | ५० | ५० |
| ९ | पर्यटन पूर्वाधार | - | - |
| | ९.१ पदमार्ग | ७० | ३० |
| | ९.२ पर्यटन विश्राम स्थल | ७० | ३० |
| | ९.३ सामुदायिक भवन | ६० | ४० |
| | ९.४ सिडीहरू | ६० | ४० |
| १० | स्वास्थ्य भवन | ५० | ५० |
| ११ | लघु जलविद्युत | ५० | ५० |
| १२ | पानी घट्ट तथा घट्ट कुलो | ७० | ३० |